# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST:18:40 hrs. Date: 06.01.2026

- **Vehicular Movement Restriction**

गेजिङ जिल्ला पुलिस अधीक्षक कार्यालयले आज एउटा आदेश जारी गर्दै भोली अर्थात सातदेखि दश जनवरी चार दिन बेदुङदेखि तिकजुक फाटकसम्म वाहनको आवाजायी बन्द गर्ने बताएको छ। वाहनको सुगम आवाजायीका निम्ति सड़कको मरम्मत कार्य गरिने भएका कारण यस मार्गमा वाहनको आवागमन रोकिने भएको हो। यसअवधि दुई चक्केसहित सबै प्रकारका वाहनको आवाजायी बन्द गरिनेछ।

---------------------------------------X---------------------------------------

- **Minister inaugurates AAMA**

खेलकुद एवं युवा मामिला मन्त्री राजु बस्नेतले आज पाकिम जिल्लाको बस्नेत वार्डमा एसियाई Anime र Manga अकादेमीको उदघाटन गर्नुभयो। सिक्किमकै पहिलो यस अकादेमीको उद्देश्य सामान्य रूपमा मङ्गा, एनिमे र एनिमेसनलाई प्रवर्द्धन गर्नु हो। उदघाटनपछि आफ्नो सम्बोधनमा मन्त्री श्री बस्नेतले यस पहलको प्रशंसा गर्दै रचनात्मक विश्वमा रूचि राख्ने विद्यार्थीहरूका निम्ति यसको शुरूवातलाई महत्त्वपूर्ण बताउनुभयो। उहाँले यस्ता मञ्चहरूलाई समयको आवश्यकता बताउनुभयो अनि भन्नुभयो, यसले विद्यार्थीहरूलाई सिक्ने, अन्वेषण गर्ने र रचनात्मकतालाई जोशको रूपमा मात्र नभएर व्यावसायिक करियरको रूपमा लिने अवसर प्रदान गर्दछ। श्री बस्नेतले भन्नुभयो, सरकारले विद्यार्थीहरूलाई रचनात्मकताको खोज गर्न, सीप विकास गर्न र उनीहरूमा योग्यता र प्रतिभा भएका क्षेत्रमा उत्कृष्टता हासिल गर्न प्रोत्साहित गर्ने मञ्चको सिर्जना गरेर परम्परागत शिक्षा ढाँचाभन्दा बाहिरको अभ्यासलाई समर्थन गर्ने पहल गरिरहेछ।

---------------------------------------X---------------------------------------

- **CNO Soreng Visit**

सिक्किमको दुई दिवसीय आधिकारिक भ्रमणमा रहनुभएका भारत सरकारका उपसचिव एवं जल शक्ति अभियानमाथि मनसुनपछिको समीक्षाका लागि केन्द्रिय नोडल अधिकारी हिमान्सु गोवत आज सोरेङ जिल्ला आइपुग्नुभयो। यहाँको जिल्ला प्रशासनिक केन्द्रस्थित भिडियो सम्मेलन कक्षमा बसेको केन्द्रिय नोडल अधिकारीको प्रवेश सम्मेलनमा दरामदिन खण्ड प्रशासनिक केन्द्रका सहायक अभियन्ता समिर शर्माले  पावर पोइन्ट प्रस्तुतीकरणमार्फत सोरेङ जिल्लाको भौगोलिक सन्दर्भ र विभिन्न जलस्रोत विकास पहलहरूबारे विस्तृत रूपमा प्रकाश पार्नुभयो। प्रस्तुतिकरणमा PMKSY कार्यान्वयनको रूपरेखा, रणनीतिक विशेषता,  जलाधार पुनर्स्थापना र सामुदायिक सहजतासहित अन्य विभिन्न विषय समेटियो। सम्मेलनपछि केन्द्रिय नोडल अधिकारीले लोवर दोदकमा PMKSY Per Drop More Crop Cluster, अप्पर थाम्बोङ ग्राम पञ्चायत एकाईमा जल जीवन अभियान जलापूर्ति योजना र थर्पूको रिदाङ खोलादेखि राई गाउँसम्म निर्माणाधिन सूक्ष्म सिँचाई च्यानलसहित चयनित स्थलहरूको निरीक्षण भ्रमण गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **Shape of Momo**

सेप अफ मोमो-ले जाफ्ना अन्तरराष्ट्रिय सिनेमा महोत्सवमा निर्णायक पुरस्कार जित्नका साथै स्वीडेनको गोटेबोर्ग अन्तरराष्ट्रिय सिनेमा महोत्सवमा प्रतिष्ठित इङ्गार बर्गम्यान अन्तरराष्ट्रिय डेब्यू पुरस्कार २०२६-का लागि मनोनित भएको छ। यो पुरस्कार, सिनेमाकी निर्माता त्रिवेणी राईले हिजो श्रीलङ्काको जाफ्नामा ग्रहण गर्नुभएको हो। यो चलचित्र यसै महिनाको अन्त्यतिर जापानमा हुने अन्तरराष्ट्रिय उत्सव des Cinémas d'Asie de Vesoul-मा प्रदर्शित हुने कार्यक्रम छ। विभिन्न उत्सवमा निरन्तर रूपमा आफ्नो कड़ा पकड़ बनाएको यो सिनेमा बाहीसौं Third Eye Asian र हुवाहाटी Asian सिनेमा उत्सवका निम्ति पनि चयनित भएको छ। निर्माता सुश्री राईको यो सिनेमाले आफ्नो विशिष्ट आवाज र सिनेमाई दृष्टिकोणका लागि निरन्तर रूपमा अन्तरराष्ट्रिय मान्यता प्राप्त गरिरहेछ। यसको सफलताबारे बोल्दै उहाँले यो पुरस्कार र मान्यता, टोलीको कडा परिश्रम र लगनशीलताको प्रमाण हो भन्दै यसलाई सिक्किम र उत्तर बंगालका मानिसहरूसम्म पुर्‍याउन उत्सुक रहेको बताउनुभयो।

---------------------------------------X---------------------------------------

- **Meeting on Republic Day**

गणतन्त्र दिवस २०२६ समारोहको तयारीलाई लिएर आज टाशीलिङ सचिवालयको सम्मेलन कक्षमा समीक्षा बैठक बस्यो।  विभागीय प्रमुखहरू र सेना तथा अर्धसैनिक बलका अधिकारीहरूको पनि उपस्थिति रहेको बैठकको अध्यक्षता गर्दै मुख्य सचिव श्री रविन्द्र तेलङले समारोहका लागि प्रस्तावित कार्यक्रमको समीक्षा गर्नुभयो। उहाँले सबै गतिविधिहरू स्वीकृत कार्यक्रमअनुरूप पालन गर्नुपर्ने बताउँदै सबै विभागलाई निकट समन्वय राख्ने र समयमै कार्यान्वयन सुनिश्चित गर्ने निर्देश दिनुभयो। बैठकमा विभिन्न सांस्कृतिक प्रस्तुति र अन्य गतिविधिहरूबारे पनि चर्चा भयो।

---------------------------------------X---------------------------------------

- **Joint Inspection Regarding Maghe Mela**

आगामी एकहतरौं माघे संक्रान्ति मेला २०२६-लाई ध्यानमा राखेर सोरेङका जिल्लाधीश धिरज सुवेदीको नेतृत्वमा रहेको एउटा टोलीले आज जुम-सालघारी निर्वाचन क्षेत्र र वरपरका विभिन्न होमस्टेमा आवासको तयारीबारे मूल्याङ्कन गर्न संयुक्त निरीक्षण गऱ्यो।

निरीक्षण भ्रमणको उद्देश्य माघे मेलाको समयमा अपेक्षित पर्यटक आगमनसितै आतिथ्य सेवा उचित रूपमा हुनसकोस् भन्ने कुराको सुनिश्चित गर्नु हो। टोलीले यस क्षेत्रमा सञ्चालित होमस्टेको सम्पूर्ण मर्मतसम्भार, पूर्वाधार र सेवाको गुणस्तरीयताको समीक्षा गऱ्यो।

---------------------------------------X---------------------------------------

- **Winter Sports Coaching Camp**

खेलकुद एवं युवा मामिला विभागले सोरेङ जिल्लाको जौंटारस्थित खेलमैदान तथा Indoor Gymnasium Hall-मा आजबाट सप्ताहव्यापी शितकालिन खेलकुद प्रशिक्षण शिविरको शुभारम्भ गऱ्यो। दशदेखि सत्र वर्षको आयुवर्गका विद्यार्थीहरूका निम्ति आयोजित शिविरको उद्देश्य युवा प्रतिभाको प्रवर्द्धन गर्नु र भविष्यका निम्ति च्याम्पियनहरू जन्माउनु हो। यस पहलले युवा खेलाड़ीहरूलाई व्यावसायी र अनुभवी प्रशिक्षकहरूको मार्गदर्शनमा कौशल सिक्ने र विकास गर्ने उत्कृष्ट अवसर प्रदान गर्नेछ। यस शिविर अवधि विद्यार्थीहरूलाई Boxing, Badminton, Karate र Football-बारे प्रशिक्षण दिइनेछ।

---------------------------------------X---------------------------------------